मितिः २०८१ माघ ३ गते ।

माननीय सभापति ज्यू
विधायन व्यवस्थापन समिति
राष्ट्रिय सभा, सिंहदरबार काठमाडौं

**विषयः महिनावारी विभेद अन्त्यका लागि प्रभावकारी कानुन निर्माण र कार्यान्वयनको माग सम्बन्धमा ।**

महोदय,

यो निवेदनमार्फत हाम्रो समाजमा व्याप्त रुपमा रहेको महिनावारी विभेद सम्बन्धी गम्भीर समस्यामा समितिको ध्यानाकर्षण गराउन चाहन्छु । नेपालमा पाठेघर लिएर जन्मिएका ५१ प्रतिशत भन्दा बढी व्यक्ति महिनावारी हुन्छन् । ती मध्ये ९८ प्रतिशतले विभेद भोगिरहेका छन् । महिनावारी विभेद जैविक प्रक्रिया मात्र सीमित नभई यो लैंगिक हिंसा हो, र मानव अधिकारको मर्मलाई गम्भीर असर पुर्याउँछ ।

नेपालका सबै क्षेत्र, जात, धर्म र समुदायमा महिनावारी विभेदको समस्या रहेको छ । तर, यसलाई सुदूरपश्चिम र कर्णाली क्षेत्रमा मात्रै सीमित गरेर कार्यविधि, निर्देशिका र कानुन निर्माण गरिँदै आएको छ । महिनावारी विभेदलाई बृहत रूपमा बुझ्न र यसको अन्त्यका लागि समग्र देशमा लागू हुने छुट्टै प्रभावकारी कानुनको आवश्यकता छ ।

महिनावारी विभेदले नेपालको संविधान २०७२ का धारा १६ (सम्मानपूर्वक बाँच्न पाउने अधिकार), धारा १७ (व्यक्तिगत स्वतन्त्रताको अधिकार), धारा १८ (समानताको अधिकार), धारा २४ (अस्पृश्यता र भेदभावविरुद्धको अधिकार), धारा २७ (सूचनाको अधिकार), धारा २९ (शोषणविरुद्धको अधिकार), धारा ३० (स्वच्छ वातावरणको अधिकार), धारा ३१ (शिक्षाको अधिकार), धारा ३५ (स्वास्थ्यको अधिकार), धारा ३६ (खानाको अधिकार), धारा ३७ (आवासको अधिकार), धारा ३८ (महिलाको अधिकार) र धारा ३९ (बालबालिकाको अधिकार) लाई प्रत्यक्ष रूपमा दर्जनौ पटक उल्लंघन गर्दछ । यसले व्यक्ति, समुदाय, र मानव अधिकारको मर्मलाई चुनौती दिएको छ ।

यो समस्या पाठेघर लिएर जन्मिएका सबै व्यक्तिको शारीरिक, मानसिक र सामाजिक विकासमा ठूलो असर गरेको छ । राष्ट्रियसभामा पटक पटक छलफल भएपनि ऐन कार्यान्वयन मापन तथा अध्ययन, अनुसन्धानको प्रक्रिया अवरुद्ध छ । महिनावारी विभेद अन्त्यका लागि सरकारले मर्यादित महिनावारी नीतिको मस्यौदा बनाएको भए पनि यो हालसम्म मन्त्रालयमा नै अलपत्र छ ।

**यस सन्दर्भमा, समितिसँग निम्न माग राख्न चाहन्छुः**

- महिनावारी विभेद अन्त्यका लागि समग्र देशलाई सम्बोधन गर्ने छुट्टै कानुन निर्माणको प्रक्रिया अघि बढाइयोस् ।
- महिनावारी विभेदलाई सम्बोधन हुने गरि दर्जनौ कानुनमा संसोधन आबश्यक छ । त्यसको छलफल अघि बढाइयोस् ।
- महिनावारी विभेद अन्त्यका लागि देशव्यापी सचेतना कार्यक्रम र शिक्षा प्रणालीमा मर्यादित महिनावारी सम्बन्धी पाठ्यक्रम समावेश गरियोस् ।

महोदय, यो विषयले नेपालको आधाभन्दा बढी जनसंख्याको मौलिक अधिकार, स्वास्थ्य, र सम्मानजनक जीवनयापनमा असर गरिरहेको छ । समितिले यस विषयलाई गम्भीरतापूर्वक लिएर आवश्यक कदम चाल्ने विश्वास लिएको छु ।

धन्यवाद् ।

**सादर,**

डा. राधा पौडेल

सँस्थापक/सीईओ

मर्यादित महिनावारी अभियान नेपाल